# जिल्ला समन्वय समितिको कार्यालय,

## मंगलसैन, अछाम ।

**अछाम जिल्लाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा गोष्ठिको प्रतिवेदन**

गोष्ठि संचालन मिति :-२०८१/०१/३०

**पृष्टभूमि :-**

नेपालको संविधान २०७२ को धारा २२० मा प्रत्येक जिल्लामा एक जिल्ला सभा र जिल्ला समन्वय समित रहने व्यवस्था छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नु पर्ने व्यवस्था उल्लेख छ भने जिल्ला सभा संबन्धि अन्य ब्यवस्था प्रदेश कानुन बमोजिम हुने सम्बैधानिक व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश सभाले जारी गरेको जिल्ला समन्वय समिति सम्वन्धी ऐन २०७५ को दफा ८ (द) मा भएको व्यवस्था बमोजिम जिल्ला समन्वय समितिको कार्यालय अछामले वार्षिक प्रगति समिक्षा गोष्ठिको आयोजना गरेको हो । सामान्यतया बार्षिक प्रगति समिक्षा गोष्ठि आर्थिक वर्ष समाप्त भएको मितिले अर्को आर्थिक वर्षको प्रथम चौमासिक अवधी भित्र सम्पन्न गर्नु पर्नेमा यस जिल्ला समन्वय समितिको कार्यालयमा कर्मचारी अभाव तथा अन्य प्राविधिक कारणले प्रथम चौमासिक भित्र सम्पन्न हुन नसकी मिति २०८० पौष १४ गतेको लागि पत्राचार भए पनि फेरी विभिन्न प्राविधिक कारणले गोष्ठि स्थगित भएको र पुन: मिति २०८१।०१।३० गते वार्षिक प्रगति समिक्षा गोष्ठि सम्पन्न भएको हो ।

**उद्यश्य :-**

वार्षिक प्रगति समिक्षा गोष्ठिको मुख्य उद्येश्य सम्पादन गरेका हरेक क्रियाकलापको समिक्षा गरी कार्य सम्पादनको शिलशिलामा भएका कमी कमजोरी बाधा व्यवधानहरुको पहिचान गरी आगामी दिनहरुमा ति कमी कमजोरी तथा बाधा व्यवधानहरुको सुधार एवं समाधानकालागि मार्ग पहिचान समेत गरी मार्ग निर्देश गर्नु हो । यस बाट गत वर्षमा योजना तथा कार्यक्रम संचालनका क्रममा भएका कमी कमजोरीहरुको पहिचान हुनुकासाथै आगामी वर्षको लागि सुधार गर्ने प्रेरणा मिल्ने विश्वास गर्न सकिन्छ ।

**गोष्ठि संचालनकालागि गरिएका कृयाकलापहरु :-**

- जिल्ला भरिका सवै कार्यालयहरुको समग्र प्रगतिको समिक्षाको लागि आयोजना गरिएको गोष्ठिमा जिल्लाका निर्वाचित संघीय र प्रदेश सांसदज्यू हरुलाई प्रमुख तथा विशिष्ठ आतिथ्यताका लागि आमन्त्रण गरीएकोमा उहाँहरुको उपस्थिति पनि देखिएन। जिल्ला समन्वय समिति प्रमुख लिलित वहादुर कुँरज्यूको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने पानसमा दिप बालेर कार्यक्रमको समुघाटन जिल्ला समन्वय समिति प्रमुख लिलित वहादुर कुँरज्यूबाट नै भएको थियो ।
- जिल्ला भित्रका १० वटा स्थानिय पालिकाहरु, जिल्लास्थित संघीय कार्यालय हरु र प्रदेश स्तरिय विकास संग सम्वन्धीत कार्यालयहरुलाई प्रगति प्रतिवेदनको प्रस्तुतिकरणको नमुना सहित उपलव्ध गराइ सोही ढाँचामा तयार गरेको प्रतिवेदन सहित उपस्थितिको लागि पत्राचार भएको भएता पनि कतिपय कार्यालयहरु अनुपस्थित रहेकोले प्रगति विवरण पनि प्राप्त नभएको, स्थानिय पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाइ आमन्त्रण गरिएको भए ता पनी अधिकाँस ब्यक्ति अनुपस्थित रहेको र प्रतिनिधि पठाएको अवस्था देखियो  तथापी समग्रमा ८०/८५ जना भन्दा वढिको उपस्थिति रहेको थियो ।
- कार्यक्रममा उपस्थित कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुले आ आफ्नो कार्यालयको गत आ.व.२०७९/०८० को प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।
- स्थानिय पालिका तथा जिल्लास्थित कार्यालयहरुको उपस्थिति तथा प्रस्तुति देहाय वमोजिम रहेको थियो ।

- **स्थानिय पालिकाहरुको उपस्थिति :- संख्या १०, प्रस्तुतिकरण संख्या ९**

| सि.नं. | पालिकाको नाम | प्रमुख/अध्यक्षको उपस्थिति रहे नरहेको | प्र.प्र.अ.को उपस्थिति रहे नरहेको | प्रगति प्रस्तुत गर्नेको नाम पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | मंगलसैन नपा. | | रहेको | खकिन्द्र सोडारी | |
| २ | साँफेबगर नपा. | रहेको | | शंकर वहादुर थापा | |
| ३ | पञ्चदेवल विनायक न.पा. | रहेको | | नरेश न्यौपाने | |
| ४ | कमलबजार न.पा. | रहेको | | | |
| ५ | तुर्माखाँद गा.पा. | | | जनक वहादुर थापा | |
| ६ | चौरपाटी गा.पा. | | रहेको | धन वहादुर थापा | |
| ७ | ढकारी गा.पा. | रहेको | रहेको | लक्ष्मण शाह | |
| ८ | मेल्लेख गा.पा. | रहेको | | संगिता ताम्राकार | |
| ९ | रामारोशन गा.पा. | रहेको | रहेको | प्रभुनाथ देवकोटा | |
| १० | बान्नीगढी जयगढ गा.पा. | रहेको | रहेको | वसन्त वहादुर रावल | |

- **जिल्लास्थित विकास संग सम्वन्धित कार्यालयहरुको उपस्थिति :- संख्या १७**

| सि.नं. | कार्यालयको नाम | कार्यालय प्रमुखको उपस्थिति | प्रस्तुत कर्ताको नाम | |
|---|---|---|---|---|
| १ | खाद्य संस्थान, अछाम | रहेको | सरोज कुमार महतो | |
| २ | पुर्वाधार बिकास कार्यालय साँफे | नरहेको | देवि प्रशाद उपाध्याय | |
| ३ | प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना | रहेको | युवराज वि क | |
| ४ | भेटिनरी अस्पताल | नरहेको | ज्ञान वहादुर थापा | |
| ५ | कृषि ज्ञान केन्द्र | रहेको | जसिराम शाहनी | |
| ६ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, अछाम | नरहेको | नरेश वहादुर थापा | |
| ७ | घरेलु तथा साना उद्योग , अछाम | नरहेको | चेतराज पनेरु | |
| ८ | जिल्ला स्वास्थ्य कार्यालय, अछाम | नरहेको | झपट ढुँगाना | |
| ९ | जिल्ला अस्पताल अछाम | नरहेको | डा अनमोल थापा | |
| १० | सामाजिक विकास कार्यालय अछाम | रहेको | राधाकृष्ण जोशी | |
| ११ | न्याय हेल्थ बयालपाटा | नरहेको | पूर्ण वहादुर खड्का | |
| १२ | संयुक्त राष्ट्र संघीय जनसंख्या कोस unfpa कार्यक्रम | रहेको | आस्था रिजाल | |
| १३ | वाक नेपाल | रहेको | चेतराज जोशी | |
| १४ | मालिका विकास संघ | नरहेको | दिपक वहादुर वोहरा | |
| १५ | आस्था नेपाल | | गणेश प्रशाद बोहरा | |
| १६ | आइ डि एस नेपाल | | टेक वहादुर खड्का | |
| १७ | WFP कार्यक्रम | | विराट भण्डारी | |

- **जिल्लास्थित विकास संग सम्वन्धित कार्यालयहरुको अनुपस्थिति :- संख्या २०**

| सि.नं. | कार्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | कमलबजार न.पा. | प्रगति समेत पेश नभएको |
| २ | नयाँ शहरी विकास आयोजना, साँफेबगर | प्रगति समेत पेश नभएको |
| ३ | सेती लोकमार्ग सडक योजना (दक्षिण खण्ड),अछाम | प्रगति समेत पेश नभएको |
| ४ | सडक डिभिजन, साँफेबगर | प्रगति समेत पेश नभएको |
| ५ | खानेपानी तथा सरसफाई कार्यालय | प्रगति समेत पेश नभएको |
| ६ | बुढी गंगा जलविद्युत आयोजना | प्रगति समेत पेश नभएको |
| ७ | नेपाल विद्युत प्राधिकरण, अछाम | प्रगति समेत पेश नभएको |
| ८ | साल्ट ट्रेनिङ्ग कर्पोरेसन, मंगलसेन | प्रगति समेत पेश नभएको |
| ९ | मध्ये पहाडी राजमार्ग दैलेख | प्रगति समेत पेश नभएको |
| १० | डिभजन वन कार्यालय, अछाम | प्रगति समेत पेश नभएको |
| ११ | जिल्ला आयुर्वेद कार्यालय, अछाम | प्रगति समेत पेश नभएको |
| १२ | रामारोशन क्षे.स.तथा व्य.पर्यटन वि. | प्रगति समेत पेश नभएको |
| १३ | बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर | प्रगति समेत पेश नभएको |
| १४ | मंगलसैन बहूप्राविधिक शिक्षालय | प्रगति समेत पेश नभएको |
| १५ | सेवक नेपाल | प्रगति समेत पेश नभएको |
| १६ | रूडेक नेपाल | प्रगति समेत पेश नभएको |
| १७ | रुपान्तरण नेपाल | प्रगति समेत पेश नभएको |
| १८ | इको हिमाल नेपाल | प्रगति समेत पेश नभएको |
| १९ | समविकास नेपाल | प्रगति समेत पेश नभएको |
| २० | एस नेपाल | प्रगति समेत पेश नभएको |

**समिक्षा अवस्था :-**

- माथि उलेखित उपस्थिति तथा प्रस्तुतिकरणलाइ हेर्दा जिल्लामा अवस्थित विकास तथा निर्माण संग सम्वन्धित ४७ वटा सरकारी तथा गैरसरकारी कार्यालयहरुलाइ समिक्षा गोष्ठिमा पत्राचार भएकोमा २७ वटा कार्यालयहरुको उपस्थिति रहेको देखियो भने २० वटा कार्यालयहरु अनुपस्थित रहेको देखियो जसले गर्दा जिल्लाको कुल वार्षिक प्रगति यकिन गर्न सकियन ।
- सवै कार्यालयहरुको उपस्थिति नभएको र प्रगति विवरण पनि प्राप्त नभएका कारण जिल्लाको समग्र औसत प्रगति एकिन गर्न नसकिय पनि उपस्थित कार्यालयहरुले प्रस्तुत गरेको प्रगति हेर्दा आर्थिक वर्ष २०७९।०८० मा औशतमा ७० देखि ८० प्रतिशत सम्म प्रगति भएको देखियो ।
- गत आर्थिक वर्षको वार्षिक समिक्षा चालु आर्थिक वर्षको प्रथम चौमासिक भित्र सम्पन्न हुनुपर्नेमा तेश्रो चौमासिक अवधिमा हुनुले पनि समिक्षाको प्रभावकारितामा कमी आएको देखियो ।

- दुइ वटा संघीय र चार वटा प्रदेश सभाका गरि ६ वटा माननीय सांसद सदस्य रहेको जिल्लाको वार्षिक प्रगति समिक्षा गोष्ठिमा सवै माननीय सदस्यज्यू हरुलाइ आमन्त्रण गरियको तर एक जनाको पनि उपस्थिति नहुँदा गोष्ठिको औचित्यता, आधिकारिता, अनिवार्यता तथा आबश्यकता माथि प्रश्न चिन्ह खडा भएको देखियो ।
- जिल्ला समन्वय समितिले गर्ने यस गोष्ठिमा कार्यालयहरुलाइ अनिवार्य उपस्थित गराउने कसी (बलियो कानुनि व्यवस्था) नभएकाले धेरैजसो कार्यालयको अनुपस्थिति रहेको देखियो ।
- जिल्लाको समग्र औसत प्रगति निकाल्नको लागि सवै कार्यालयहरुको प्रगति विवरण एउटै ढाँचामा तयार गर्न जिल्ला समन्वय समितिले तयार गरी पठाएको नमुना ढाँचामा प्रगति विवरण तयार नगरी कतिपय कार्यालयहरुले आ आफ्नै ढाँचामा तयार गरेर प्रस्तुत गरेको देखियो जसले गर्दा समग्र औशत प्रगति तयार गर्न कठिनाइ भयको देखियो ।
- कार्यक्रम संचालनको लागि निर्धारण गरेको समय भन्दा ढिला गरेर कार्यक्रम सुरु भएको र समय सिमा पनि छोटो भएकोले समिक्षा तथा छलफलमा कमी आएको देखियो ।

**सुझाव तथा अपेक्षाहरु :-**

- संघीय संरचना अनुसार तिनै तहका सरकारहरु विचको समन्वय,सहअस्थित्व तथा सहकार्य गर्ने अवधारणाका साथ स्थापना गरिएको जिल्ला समन्वय समितिले आफ्नो कर्तव्य पालनको सिलसिलामा जिल्ला स्थित स्थानिय सरकार,प्रदेश सरकार तथा संघीय सरकारका नियकायहरु संग माग गरेका विवरणहरु जस्तै वार्षिक वजेट तथा कार्यक्रम, मासिक, चौमासिक,वार्षिक प्रगति विवरणका साथै अन्य आबश्यताअनुसार समय समयमा जिल्ला समन्वय समितिले माग गरेका सम्वन्धित कार्यालयले उपलब्ध गराउन सक्ने विवरणहरु अनिवार्य रुपमा जिल्ला समन्वय समितिमा पठाउने कानुनी व्यवस्था हुनु पर्ने देखिन्छ किन भने आवश्यक तथ्यांक विना जिल्ला समन्वय समितिले समन्वयात्मक कार्य गर्न कठिनाइ हुने गरेको छ ।
- वार्षिक समिक्षा भनेको सम्वन्धित कार्यालयले वर्ष भरिमा सम्पादन गरेको कामको समिक्षा भएकोले छलफलमा उठेका विषयहरुमा जवाफ दिन जिम्मेवार व्यक्तिको आवश्यकता पर्ने हुन्छ तसर्थ समिक्षा गोष्ठिमा अनिवार्य रुपमा कार्यालय प्रमुखको उपस्थिति हुन जरुरी देखिएकोले आगामी दिनहरुमा समिक्षा बैठकमा तथा कार्याल प्रमुखलाइ उपस्थितिको लागि लेखिएको पत्र अनुसार कार्यालय प्रमुखको अनिवार्य उपस्थिति हुनु जरुरी देखिन्छ भने अन्य कुनै पनी गोष्ठि तथा बैठकहरुमा सवै कार्यालयहरुले कार्यालय प्रमुखको अनिवार्य उपस्थितिमा ध्यान दिन जरुरी देखिन्छ ।
- समन्वय तथा अनुगमन कार्यका लागि जिल्ला स्थित स्थानिय सरकार,प्रदेश सरकार तथा संघीय सरकारका नियकायहरु संग वार्षिक वजेट तथा कार्यक्रम एवं सम्वन्धित कार्यालयबाट संचालन गरिने योजना तथा कार्यक्रमको विवरण पटक पटक माग गर्दा पनि कतिपय कार्यालयहरुबाट उपलब्ध भएको नदेखिएकोले सम्वन्धित कार्यालयहरुले जिल्ला समन्वय समितिको कार्यालयबाट माग भएका विवरणहरु समय सिमा भित्र अनिवार्य रुपमा पठाउने गर्नुपर्ने देखिन्छ भने नपठाउने कार्यालय हरुको लागि कारबाइ हुनु सक्ने खालको कानुनि व्यवस्था हुन जरुरी देखिन्छ ।
- स्थानिय सरकार, प्रदेश सरकार र संघीय सरकार विचको समन्वय तथा अनुगमनको कार्य गर्ने निकाय जिल्ला समन्वय समिति भएकोले स्थानिय पालिकाहरुबाट जिल्ला समन्वय समितिले माग गरेका विभिन्न विवरणहरु जस्तै वार्षिक वजेट तथा कार्यक्रम, मासिक, चौमासिक,वार्षिक प्रगति विवरणका साथै अन्य आबश्यकता अनुसार समय समयमा माग भएका विवरणहरु समय सिमा भित्र जिल्ला समन्वय समितमा अनिवार्य रुपमा पठाउन सम्बन्धित पालिकाको ध्यान जान जरुरी देखिन्छ ।
- जिल्लामा कार्यरत सवै गैरसरकारी संघ संस्थाहरुलाइ वार्षिक समिक्षा गोष्ठिमा बोलाइएको भएता पनि धेरैजसो संघ संस्थाहरु अनुपस्थित देखिएकोले जिल्लामा कार्यरत सवै संघ संस्थाहरुले अनिवार्य रुपमा आफ्नो बार्षिक कार्यक्रम तथा प्रगति विवरणहरु नियमित रुपमा जिल्ला समन्वय समितमा पठाउने व्यवस्था गर्न जरूरी देखिन्छ भने संघ संस्थाहरुले आफ्ना कार्यक्रमहरु जिल्ला भित्र संचालन गर्दा सम्वन्धित पालिकाको अनुमति र जिल्ला समन्वय समितिको सहमति अनिवर्य रुपमा

लिनुपर्ने र सो सहमतिका लागि आवेदन पेश गर्दा वार्षिक कार्यक्रम जिल्ला समन्य समितिमा पेश गर्नुपर्ने र उक्त कार्यक्रम सम्वन्धित पालिकाको सभाबाट अनिवार्य रुपमा स्विकृत गर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ

**समिक्षा गोष्ठिबाट पारित भएका निर्णयहरु :-**

१ जिल्ला भित्रका विकास संग सम्वन्धीत कार्यक्रमहरु संचालन गर्ने सवै कार्यालयहरुले संचालन गरेका गतीविधीहरुको अनुगमन तथा समन्वय गर्ने निकाय जिल्ला समन्वय समिति भएकोले सो अनुगमन कार्यलाइ सहज र प्रभावकारी एवं पारदर्शी वनाउन विकास संग सम्वन्धीत सवै कार्यालयहरु तथा स्थानीय तह हरुले आफ्नो वार्षिक कार्यक्रम तथा योजना तथा कार्यक्रमहरु (विभिन्न तालिम कार्यक्रम सहित) को विवरण तथा चौमासिक प्रगती विवरण अनिवार्य रुपमा जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने निर्णय गरियो ।

२ जिल्ला भित्रका विकास संग सम्वन्धीत कार्यक्रमहरु संचालन गर्ने सवै गैर सरकारी संस्थाहरुले संचालन गरेका गतीविधीहरुको समेत अनुगमन तथा समन्वय गर्ने निकाय जिल्ला समन्वय समिति भएकोले सो अनुगमन कार्यलाइ सहज र प्रभावकारी एवं पारदर्शी वनाउन विकास संग सम्वन्धीत सवै गैर सरकारी संस्थाहरुले दातृ निकायको नाम सहित आफ्नो वार्षिक वजेट तथा कार्यक्रम तथा सो संग सम्वन्धीत योजना तथा कार्यक्रमहरु (विभिन्न तालिमहरु सहित) को विवरण तथा चौमासिक प्रगती विवरण अनिवार्य रुपमा जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने साथै संचालित योजना तथा कार्यक्रमहरुको अनिवार्य रुपमा जिल्ला समन्वय समिति संग अनुगमन समेत गराउने निर्णय गरियो ।

३ जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा सवै पालिकाका प्रमुख/अध्यक्ष हरु सदस्य रहेको एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षीत आवास गृह कोष व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने र उक्त कोषमा सवै पालिकाहरु बाट वार्षिक रुपमा निश्चित रकम जम्मा गर्ने तथा उक्त कोष संचालनको लागि आवश्यक कार्यविधि तयार गरी जिल्ला सभामा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।






अछाम जिल्लाको आ.व. २०७९/०८० को
वार्षिक प्रगति समिक्षा गोष्ठी


व. २०७९/०८० को
मिक्षा गोष्ठी
आयोजक
समन्वय समितिको कार्यालय
मंगलसैन अछाम